# स्थानीय राजपत्र

## बुलिङटार गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०) बुलिङ्टार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ जेष्ठ २० गते ( संख्या २ )

भाग २

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम बुलिङ्टार गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

"ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०८३ "

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०१/३०

प्रमाणीकरण मिति : २०८३/०१/३०

CamScanner

# ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०८३

## प्रस्तावना

६० वर्ष माथि उमेर समुहका ज्येष्ठ नागरिक तथा १८ वर्ष मुनिका बालबालिकाहरूको, शारिरिक, मानसिक, बौद्धिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक जैविक र शैक्षिक ज्ञान, सीप सूचना, जानकारी एवम् मनोरञ्जनका लागि प्राकृतिक रुख, बिरुवा लगायत सामाजिक सम्पदाहरुलाई संरक्षण तथा संरक्षित र व्यवस्थित ,गरी उमेर रुची र आवश्यकता अनुसार खेलकुद, शारिरीक व्यायामका सामग्री मनोरञ्जन तथा सर्वाङ्गीण विकासको सुनिश्चितता गर्न गराउन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा प्रत्येक स्थानीय तहले एउटा वडामा कम्तीमा एउटा ज्येष्ठ नागरिक तथा बाल उच्चान को निर्माण,गर्नुपर्ने व्यवस्था समेतको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, बुलिङटार गाउँपालिकाले ज्येष्ठ नागरिक तथा बाल उद्यान का बस्थापनूका लागि कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम " ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०८३ " रहेको छ।

ख. यो बुलिङटार गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. परिभाषा :

**२.परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "कार्यालय" भन्नाले बुलिङटार गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ख) "कार्यापालिका" भन्नाले बुलिङटार गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

पा)"मन्त्रालय" भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

घ) "पालिका अध्यक्ष " भन्नाले बुलिङटार गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ङ) "पालिका उपाध्यक्ष " भन्नाले बुलिङटार गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुलिङटार गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

छ) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ र बालबालिका समन्वन्धी ऐन २०७५ सम्झनुपर्छ ।

ज) "जेष्ठ नागरिक तथा बाल उद्यान " भन्नाले ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिक र १८ वर्षमुनिका

बालबालिकाको शारिरीक, मानसिक, वौद्धिक, सामाजिक विकास, ज्ञान, सीप, सूचनाको जानकारीका साथै उमेर, रुची र आवश्यकता अनुसार खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको सुनिश्चिताको लागि निर्माण भएको बाल शुलभका साथै ज्येष्ठ नागरिक मैत्री पार्क सम्झनु पर्छ।

ञ) "सामाजिक संघ सस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई ज्येष्ठ नागरिक तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्था सम्झनुपर्छ ।

## परिच्छेद -२

## ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन तया सञ्चालन

**३.ज्येष्ठ नागरिक तथा बाल उद्यानस्थल पहिचानः-** गाउँपालिकाको प्राथमिकता तथा औचित्यताका, आधारमा उद्यान बुलिङटार गाउँपालिकाको केन्द्र वडा बुलिङटार -०३ लगायत पालिकाले उद्यान निर्माण गर्दा गाउँपालिकाको प्राथमिकता तथा औचित्यताको आधारमा कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ।

**४.ज्येष्ठ नागरिक तथा बाल उद्यानको लागि जग्गा व्यवस्थापनः-**

१.जेष्ठ नागरिक तथा बाल उद्यानको लागि आफ्नै स्वामित्वको वा जग्गादाता मार्फत निशुल्क रुपमा जग्गा प्राप्ति गरि बाल उद्यान तथा मनोरन्जन स्थल निर्माण कार्य गर्नुपर्नेछ ।

२.जग्गा व्यवस्थापनका लागि जग्गा सम्बन्धी अभिलेख अद्यावधिक गरि गराई प्रचलित नियमानुसार ज्येष्ठ नागरिक तथा वाल उद्यान स्थलको स्वामित्वमा ल्याउनका लागि बुलिङटार गाउँपालिका कार्यपालिकाको वैठकवाट निर्णय गरे वमोजिम व्यवस्थापन गरिएको छ।

३. उपदफा (१) वमोजिम निशुल्क जागा उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले नेपाल सरकार बा सामाजिक संघ संस्वाहरु वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा भाडा सम्झौता गरी बाल उद्यान तबा मनोरञ्जन स्थल निर्माण गर्न सकिनेछ ।

४. उपदफा (३) बमोजिम भाडामा जग्गा लिँदा बीस वर्ष वा सो भन्दा बढी समयको लागि प्रयोग गर्नेगरी भाडा सम्झौता गरिनेछ ।

५. उपदफा (१) र (३) वमौजिमका कार्य नसकेमा मात्र सो सम्बन्धी पर्याप्त कारण र आधारहरु खुलाई आन्तरिक स्रोत परिचालन गरी प्रचलित सार्वजनिक खरिद कानून बमोजिम जरगा खरिद गरी बाल उचान तथा मनोरञ्जन स्थल निर्माण गर्न सकिनेछ ।

**५.ज्येष्ठ नागरिक तथा बाल उद्यान निर्माण तथा डिजाइनः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान निर्माण कार्य गर्न ज्येष्ठ नागरिक ऐन,२०६३ र बालबालिका ऐन २०७५ को मापदण्ड र संघीय मार्गदर्शन बमोजिम हुने गरी प्रचलित कानुन बमोजिम प्राविधिक ड्रइङ, डिजाइन, स्पेशिफिकेशन र सो को आधारमा लागत इस्टिमेट बनाई स्वीकृत गर्नुपर्नेछ । जसमा ज्येष्ठ नागरिक केन्द्रीत पूर्वाधार, बालमैत्री खेलकुद तथा उच्चान, अपाङ्गमैत्री संरचना र धार्मिक सांस्कृतिक संरक्षणमुखी गौमुख धाराको उचित जंल व्यवस्थापन जस्ता विषय समाविष्ट हुनेछन।

**६. ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थल निर्माण एवम् सञ्चालनः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान निर्माण एवम् सञ्चालनको कार्य समुदाय स्तरमा उपभोक्ता समिति गर्न गरी उक्त समिति मार्फत गर्ने गरी सम्झौता गर्न सक्नेछ।

## परिच्छेद-३

## ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थलसम्बन्धी मापदण्ड

**७. क्षेत्रफल/भु-उपयोग सम्बन्धी व्यवस्थाः-** ज्येष्ठ नागरिक तथा वाल उच्चान स्थलको क्षेत्रफल भु-उंपयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क.ज्येष्ठ नागरिक तथा बाल चा रहे प्रकृतिक, जैविक वा सांस्कृतिक तथा सामाजिक बस्तु वाहेक कम्तिमा पचास प्रतिसत भाग खुल्ला रहने गरी कम्तीमा २०० भन्दा वढीव्यक्ति अटाउन सक्ने भौगोलिक क्षेत्रफल हुनेछ।

ख. यहाँको हावापानी सुहाउँदो बोटविरुवा र बगैंचा वा फुलवारी रोप्ने व्यवस्था हुनेछ।

ग. ज्येष्ठ नागरिक तथा बाल उच्चान स्थलमा कुल भु-भागको पच्चीस प्रतिशतमा नबढ्ने गरी शारिरीक व्यायाम, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण विकासका संरचना निर्माण हुनेछ।

घ.ज्येष्ठ नागरिक तथा बालउचचान स्थलमा (आवश्यकता अनुसार कार्यालय, टिकट काउण्टर/बैठक कक्ष, प्रतिक्षालय, सूचना केन्द्र ) मनोरञ्जन क्षेत्र, खेलकुद लगायत शारीरिक व्यायाम क्षेत्र, पार्किङ स्थल लगायतका क्षेत्रहरु निर्माणहुनेछ।

**८. पूर्वाधार सेवा तथा सुविधाः-** ज्येष्ठ नागरिक तथा बाल उच्चान स्थलमा पूर्वाधार सेवा तथा सुबिधा व्यवस्था देहाय बमोजिम हुनेछ।

क) ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि उच्चान व्यवस्थापन गर्दा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका मैत्री/ अपाङ्गता भएका बालबालिका मैत्री याम्प समाउने रेलिङ हिलचियर घुम्ने संरचना बनाइनेछ । उद्यानमा पहुँचयुक्त शौचालयका लागि स्रोत व्यवस्थापन आगामी वर्षमा निर्माण गरिनेछ हालका लागी शिवधाम गुरुकुलमा रहेको शौचालय प्रयोग गरिनेछ।

ख) ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि सुरक्षित रुपमा आवत जावत गर्ने बस्ने मेच, व्यायाम सामग्री, खेलकुद सामग्रीहरुको व्यवस्था गरिनेछ । खानेपानीका लागि शिवधाम गुरुकुलबाट खानेपानीको पाइप बिस्तार गरी (प्रयोगकर्तामैत्री) धारा र स्वच्छ पिउने पानीको समेत व्यवस्था मिलाउनुका साथै 'दिगोपना र सरसफाईको समेत व्यवस्था मिलाइनेछ। आवश्यकता अनुसार बिजुली बत्ती, सडक बत्तीको सुविधा हुनेछ।

ग) उद्यानभित्र फोहरमैलाको उचित व्यवस्थापन भएको हुनेछ, निर्माण हुने हरेक भौतिक संरचना पहुँचयुक्त (बालमैत्री र ज्येष्ठनागरिकमैत्री) हुनेछ।

(हस्ताक्षर) ... पुजारी
अध्यक्ष

**९.स्थान र पहुँच सम्बन्धी व्यवस्थाः-** ज्येष्ठ नागरिक तथा बाल उद्यानको स्थान र पहुँच देहाय बमोजिम भएको हुनेछ।

क) उक्त उद्यान गाउँपालिका भित्र जरगाको व्यवस्थापन सहज र उचित भएको ठाउँमा कार्यपालिकाको निर्णय अनुसार निर्माण गरिनेछ । आगामी बर्षहरुमा कार्यपालिकाको निर्णय अनुसार अन्य वडामा जेष्ठ नागरिक तथा बाल उच्चान निर्माण गरिनेछ ।

ख) उद्यानको निर्माण स्थलमा मोटर बाटो जोडिनुका साथै सबै बर्ग समुदायको लागि सहज पहुँच हुनेछ।

ग) हरित वन जाल क्षेत्र र खुला क्षेत्रसंग अन्तरसम्बन्ध जोडिएको हुनेछ।

**१०.ज्येष्ठ नागरिक, बालबालिकाकाको संरक्षण र सुरक्षा सम्बन्धी व्यवस्थाः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थलमा बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण र सुरक्षा देहाय वमोजिम हुनेछ ।

क) हानिकारक वस्तु र ध्वनी प्रदुषणको जोखिम कम हुने वातावरणमा अवस्थित हुनेछ ।

ख) उद्यान आगजनी वन्यजन्तुको आक्रमण, अपराध हुलदंगा जस्ता विपद्को जोखिम र भिडभाडबाट बच्न र बचाउन सुरक्षित स्थानमा निर्माण हुनेछ ।

ग) उद्यान स्थल प्रवेशद्धारमा ज्येष्ठ नागरिक तथा बाल संरक्षण सम्वन्धी मापदण्ड, आगन्तुकले पालना गर्ने आचार संहिता सबैले देख्ने गरी टाँसिएको हुनेछ।

घ) उद्यान वर्षैभरी सञ्चालन हुनुका साथै यसको दिगोपना सुनिश्चितता हुनेछ।

**११.निर्माण सञ्चालन तथा व्यवस्थापनः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थलको निर्माण सञ्चालन तथा व्यवस्थापन देहाय वमोजिम हुनेछ।

क) ज्येष्ठ नागरिक तथा बाल उच्चानको सञ्चालन तथा व्यवख्यापनको लागी संघीय सरकारबाट प्राप्त रकम रु.१० लाखबाट उद्यानको निर्माण तथा सञ्चालन शुरुवात गरिनेछ र आगामी वर्षहरुमा व्यवस्थापनको लागि बुलिङटार गाउँपालिकाबाट रकम विनियोजन गरी वा अन्य स्रोत तथा कोष सञ्चालन गरी हुनेछ।

ख) खण्ड (क) बमोजिमको कोषमा नेपाल सरकार, प्रदेश सरकार र सामाजिक संघ संस्था तथा विकास साझेदारबाट प्राप्त सहयोग समेत परिचालन गर्न सकिनेछ।

**१२.राष्ट्रिय पहिचान र राष्ट्रियता झल्काउनेः-** वाल उघान तथा मनोरञ्जन स्थलमा राष्ट्रिय पहिचान र राष्ट्रियता झल्काउने व्यवस्था देहाय बमोजिम हुनेछः-

क. राष्ट्रिय पहिचान झल्काउने कला, संस्कृति, संस्कार, वास्तुकला, बनस्पति, जातजातिको भेषभुपा रहनसहन दैनिकी, जीवनोपयोगी सीपसँग सम्बन्धित विषयवस्तुहरु समावेश भएको हुनुपर्ने,

ख. आन्तरिक संरचना स्थानीय सीप शैली, सामग्री, प्रविधिबाट निर्मित हुनु पर्ने,

ग. स्थानीय वनस्पती र फलफुलका रुख बिरुवाहरुको बगैंचा वा फूलबारी भएको हुनुपर्ने ।

अध्यक्ष

CamScanner

## परिच्छेद -४

## विविध

**१३. सामाजिक संघ संस्था तथा उपभोक्ता समितिको सहयोग लिनसक्नेः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थलको निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि इच्छुक संघ संस्था, उपभोक्ता समितिबाट प्रचलित कानुन बमोजिम आवश्यक सहयोग लिइनेछ।

**१४.उद्यान नियमित सञ्चालन तथा व्यवस्थापनका लागी स्थानिय समुदायमा समिति गठन गरिनेः-**

उद्यानको नियमित सञ्चालनका लागि सञ्चालन तथा व्यवस्थान समिति गठन गरिने छ । सम्बन्धीत वडाका वडा अध्यक्षको संयोजकत्वमा ५ सदस्य समिति गठन गरिने छ।

**१४. समितिको काम कर्तव्य र अधिकारः-**ज्येष्ठ नागरिक तथा बाल उद्यान सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) उद्यानको निर्माण सम्बन्धमा निर्णय गर्ने।

ख) उद्यानको सरसफाई, खानेपानी व्यवस्थापन, सुरक्षाको नियमित व्यवस्थापन गर्ने ।

ग) खेलकुद, मनोरञ्जनका व्यायामका साथै /उद्यानका अन्य सामग्रीको सुरक्षा तथा संरक्षणको प्रभावकारी व्यवस्थापन गर्ने ।

घ) उद्यानको लागि आवश्यक अन्य काम गर्ने गराउने ।

ङ) बुलिङटार गाऊँपालिका भित्रका सार्वजनिक स्थानहरुको पहिचान गरि पायक पर्ने स्थानहरुलाई वाल तथा ज्येष्ठ नागरिक मैत्री वनाउने,

**१५.अनुगमन समिति गठन गरिनेः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान स्थल निर्माण तथा सञ्चालन र व्यवस्थापनको अनुगमन गर्न देहायका सदस्यहरु सहित बुलिङटार गाऊँपालिका स्तरिय समिति गठन गरिनेछ । अनुगमन समितिले उद्यानको नियमित अनुगमन गरी उंचानको सञ्चालन तथा व्यवस्थापन समितिलाई पृष्ठपोषण दिनेछ।

गाउँपालिका अध्यक्ष - संयोजक

गाउँपालिका उपाध्यक्ष - सदस्य

प्रमुख प्रशासकिय अधिकृत –सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

पूर्वाधारको प्रमुख तथा प्रतिनिधि- सदस्य

योजना शाखाको प्रमुख तथा प्रतिनिधि- सदस्य

महिला वालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

CS CamScanner

**१६. गुनासो तथा उजुरी सम्बोधन सम्बन्धी व्यवस्थाः-** ज्येष्ठ नागरिक तथा बाल उद्यान सम्बन्धमा उजुरी परेमा बुलिङटार गाउँपालिका कार्यालयबाट अनुगमन गरी सो को समाधान गरिनेछ।

**१७. सामञ्जस्यताः-** गाउँपालिका भित्रका वडाहरुमा रहेका सार्वजनिक स्थान , व्यवस्थापन समितिहरु संग सम्बन्धीत कानूनी पुर्वाधार संस्थागत समन्वय र सहकार्यको कार्यमा ज्येष्ठ नगरिक तथा बाल उद्यान व्यवस्थापनलाई समञ्जस्यता गरिनेछ।

**१८.प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम छ ।

**१९.व्याख्या गर्ने अधिकार** :यस मापदण्डमा भएको कुनै व्यवस्था अस्पष्ट भएमाकार्यपालिकाले व्याख्या गर्नेछ ।

**२०.बाधा अड्काउ फुकाउनेः**यस मापदण्डलाई कार्यान्वयन गर्दा कार्यपालिकाबाट कुनै बाधा परेमा वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

डं. दिपेन्द्र पुनारी
अध्यक्ष

CamScanner